फोन नं. : ०६७-४२०१०९
E-mail : ec.deo.parbat@gmail.com

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

पर्वत

प.सं. : ०७८/७९
च.नं. : १५५

मिति :- २०७८।११।०८

विषय :- मतदाता परिचय पत्र सम्बन्धमा ।

श्री पर्वत जिल्लास्थित सम्पूर्ण स्थानीय तहहरु, पर्वत ।
श्री पर्वत जिल्लास्थित सबै स्थानीय तह अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु, पर्वत ।

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७८।११।०५ को निर्णयानुसार यस अगाडी वितरण भएको मतदाता परिचय पत्र हराएको वा अन्य जुनसुकै कारणबाट नष्ट भएको अवस्थामा त्यहाँ कार्यालयको सिफारिस साथ यस कार्यालयमा निवेदन दिन सकिने व्यवस्था भए अनुसार त्यहाँ वडा/स्थानीय तह अन्तर्गत कुनै मतदाताको मतदाता परिचय पत्र हराएको वा नष्ट भएको भएमा संलग्न ढाँचा अनुसार निवेदन लिई ताहाँ कार्यालयको सिफारिस साथ मिति २०७८ फागुन २० गते कार्यालय समय भित्र यस कार्यालयमा आइपुग्ने गरी पठाइदिनुहुन अनुरोध छ ।

**पुनश्च** : मतदाता नम्बर र नामथर स्पष्ट नभएको तथा तोकिएको समय पश्चात प्राप्त निवेदनमा कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ । साथै मतदाताको नाम र मतदाता नं. हेर्न निर्वाचन आयोगको वेवसाइट www.election.gov.np मा गई मतदाता नामावली वा आफ्नो नाम खोज्नुहोस मा क्लिक गरी हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

२०७८।११।८

(ज्ञानेन्द्र प्रसाद शर्मा)
निमित्त जिल्ला निर्वाचन अधिकारी

नि. जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
पर्वत
२०६१

मिति :- २०७८।११।.....

श्रीमान् जिल्ला निर्वाचन अधिकारीज्यू
जिल्ला निर्वाचन कार्यालय, पर्वत ।
**मार्फत**
.............................. गा.पा./न.पा. वडा नं. .......... कार्यालय, पर्वत ।

**विषय : पुन: मतदाता परिचय पत्र पाउँ भन्ने बारे ।**

*महोदय,*

प्रस्तुत विषयमा म/हामी तपसिल अनुसारका व्यक्तिहरुको यस अगाडी तहाँ कार्यालयबाट वितरण भएको मतदाता परिचयपत्र हराएको/नष्ट भएको हुँदा आगामी निर्वाचन प्रयोजनका लागि नयाँ परिचय पत्र उपलब्ध गराइदिनुहुन विवरण पछिसम्म फरक नपर्ने गरी यो (संयुक्त) निवेदन वडा कार्यालय मार्फत पेश गरेको छु/छौं । विवरण फरक परेको वा ढाँटी निवेदन पेश गरेको भएमा निर्वाचन कसुर सजाय ऐन अनुसार सजाय भोग्न मञ्जुर भएको व्यहोरा समेत जानकारी गराउँदछु/गराउँदछौं ।

**निवेदक :**

| सि.नं. | मतदाता नम्बर | नामथर | बुवा/आमाको नाम | नागरिकता प्रमाणपत्र नं. | स्थायी ठेगाना | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

२०७८।११।८

नि. जिल्ला निर्वाचन अधिकारी